नेपाल सरकार

अर्थ मन्त्रालय

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# नेपाली रुपैया तथा विदेशी मुद्रा ओसार पसार सम्बन्धी जानकारीमूलक सामाग्री

नेपाली रुपैया तथा विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धमा नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित निर्देशिका, परिपत्र तथा सूचनामा देहाय अनुसारको व्यवस्था रहेको हुँदा जानकारीका लागि यो सामाग्री प्रकाशित गरिएको छ ।

## क. भारतीय रूपैयाँ सम्बन्धी व्यवस्था

(१) नेपाली वा भारतीय नागरिकले अमेरिकी डलर ५,००० वा सो बराबर हुन आउने भारतीय रूपैयाँसम्म भन्सार घोषणा बिना नेपालमा भित्र्याउन सक्ने र सोभन्दा बढी रकमको हकमा भने भन्सार घोषणा गरी प्रमाणित गराउनु पर्नेछ । भारतीय नागरिकले नेपालबाट भारत जाँदा प्रति व्यक्ति अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन । तर नेपाल आउँदा भन्सार स्वघोषणा गरी ल्याएको सीमा भित्रको रकम स्वघोषणा गरी लैजान बाधा पर्ने छैन ।

(२) भारत सरकार तथा भारतीय रिजर्भ बैंकले सन् ९ नोभेम्बर २०१६ सम्म चलनचल्तीमा रहेका भा. रु. ५०० र १००० दरका नोटहरू चलनचल्तीबाट हटाएको हुँदा त्यस्ता भा. रु. ५०० र १००० दरका नोटको कारोबार गर्न र हाल भारतमा चलनचल्तीमा रहेका नयाँ भा. रु. २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन ।

(३) सन् ९ नोभेम्बर २०१६ देखि निष्कासन भई चलनचल्तीमा रहेका भा. रु. २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भारतीय रूपैयाँ २५,००० को सीमासम्म प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सक्नेछ ।

(४) भा. रु. १०० र सोभन्दा कम दरका भारतीय नोट तथा मुद्रा प्रचलित व्यवस्था बमोजिम जति पनि परिमाणमा ल्याउन लैजान तथा सटही गर्न सक्नेछ ।

(५) नेपाली नागरिकले भारतीय रूपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन पाइने छैन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

## ख. अमेरिकी डलर तथा अन्य विदेशी मुद्रा सम्बन्धी व्यवस्था

१. नेपाली वा विदेशी नागरिकले अमेरिकी डलर ५,००० वा अन्य परिवर्त्य मुद्राको हकमा सो बराबरको रकमसम्म भन्सार घोषणा विना नेपालमा भित्र्याउन सक्ने र सोभन्दा बढी रकमको हकमा भने भन्सार घोषणा गरी प्रमाणित गराउनु पर्नेछ । विदेशी नागरिकले नेपालबाट विदेश जाँदा प्रति व्यक्ति अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन । तर नेपाल आउँदा भन्सार स्वघोषणा गरी ल्याएको सीमा भित्रको रकम स्वघोषणा गरी लैजान बाधा पर्ने छैन ।

२. राहदानी सुविधा बापत पाउने सटही रकमः

(क) भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी बापत प्रति पटक अमेरिकी डलर ३,०००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा दिन सकिनेछ ।

(ख) वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी बापत सटही सुविधा उपलब्ध गराउँदा देहाय बमोजिम गर्नु पर्नेछः

(अ) जापान, दक्षिण कोरिया, युरोप महादेश, संयुक्त राज्य अमेरिका, क्यानाडा, अष्ट्रेलिया जानेको हकमाः अधिकतम अमेरिकी डलर ५०० ।

(आ) अन्य मुलुक जानेको हकमाः अधिकतम अमेरिकी डलर २०० ।

(ग) नेपाल सरकारले जारी गरेको यात्रा अनुमतिपत्र (Travel Document) को आधारमा विदेश भ्रमणमा जान राहदानी सुविधा माग भई आएमा त्यस्ता नेपाली व्यक्तिहरूलाई अमेरिकी डलर १,०००।- सम्मको सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(घ) नेपाली वा विदेशी नागरिक अन्य मुलुक जाँदा र आउँदा प्रति व्यक्ति नेपाली रूपैयाँ ५,०००।- भन्दा बढी ल्याउन वा लैजान पाइने छैन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८